# नेपाल न्याय सेवा (न्याय समूह) राजपत्रांकित द्वितीय तथा तृतीय श्रेणीका अधिकृत (इजलास अधिकृत) हरूको फैसला लेखन सम्बन्धी प्रशिक्षण कार्यक्रमको पाठ्यक्रम

२०७७

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजू,

## विषयसूची


| विषय | | पृष्ठ नं |
|---|---|---|
| **भाग १**<br>**प्रारम्भिक** | | |
| पृष्ठभूमी | | ३ |
| पाठ्यक्रमको परिचय | | ३ |
| प्रशिक्षण पाठ्यक्रमको लक्ष्य र उद्देश्य | | ४ |
| सहभागिता, सहभागी संख्या र अवधि | | ४ |
| पाठयक्रमको संरचना | | ५ |
| पाठ्यक्रमका मोड्युल वा सत्रहरु | | ५ |
| सत्र सञ्चालन विधि र प्रशिक्षण मूल्याङ्कन | | ६ |
| **भाग २**<br>**मोड्यूल र सत्रहरू** | | |
| **मोड्यूल १ सैद्धान्तिक अवधारणा** | | ७ |
| सत्र एक | न्यायिक निर्णयका सैद्धान्तिक पक्षहरू | ७ |
| सत्र दुई | फैसला लेखनका आधारभूत पक्षहरू | ७ |
| सत्र तीन | आदेश लेखनका सैद्धान्तिक तथा व्यवहारिक पक्षहरू | ७ |
| सत्र चार | इजलास व्यवस्थापन तथा इजलास अधिकृतको जिम्मेवारी र भूमिका | ८ |
| सत्र पाँच | फैसलाको टिपोट लेखन सम्बन्धी ज्ञान | १० |
| सत्र छ | फैसलाको ठहर खण्ड | १० |
| सत्र सात | फैसलामा तपसील खण्ड लेखन | ११ |
| सत्र आठ | नजिरको सिद्धान्त र फैसलामा नजीरको प्रयोग | ११ |
| सत्र नौ | कानूनी अनुसन्धानमा इजलास अधिकृतको भूमिका | १२ |
| सत्र दश | फैसलामा कानूनी तथा शुद्ध नेपाली भाषाको प्रयोग सम्बन्धी ज्ञान | १२ |
| **मोड्यूल २ फैसला आदेश लेखन अभ्यास प्रस्तुती र पृष्ठपोषण** | | १३ |
| सत्र एक | फैसला र आदेश लेखन सम्बन्धी प्रयोगात्मक सत्र-१ | १३ |
| सत्र दुई | फैसला र आदेश लेखन सम्बन्धी प्रयोगात्मक सत्र- २ | १३ |
| सत्र तीन | फैसला र आदेश लेखन सम्बन्धी प्रयोगात्मक सत्र- ३ | १४ |
| सत्र चार | फैसला र आदेश लेखन सम्बन्धी प्रयोगात्मक सत्र- ४ | १४ |
| सत्र पाँच | फैसला र आदेश लेखन सम्बन्धी प्रयोगात्मक सत्र- ५ | १५ |

| | | |
|---|---|---|
| **सन्दर्भ सामग्री** | | १६ |
| **नमूना मुद्दाहरू** | | |
| नमूना १ | मुद्दाः कर्तव्य ज्यान | १७ |
| नमूना २ | मुद्दाः अंश | २३ |
| नमूना ३ | मुद्दाः निषेधाज्ञा | २८ |

## १.१ पृष्ठभूमी

जनशक्तिमा भइरहेको ज्ञानमा थप अभिवृद्धि गर्ने, जनशक्तिलाई काममा सीपयुक्त बनाउने र कार्यशैलीमा सकारात्मक परिवर्तन ल्याउन प्रशिक्षण एक महत्वपूर्ण साधन हो। जुनसुकै संगठनमा काम गर्ने जनशक्तिलाई प्रशिक्षण निरन्तर रुपमा आवश्यक  हुन्छ। नियमित न्यायिक शिक्षा द्वारा न्यायाधीश, न्याय सेवाका अधिकृत तथा कर्मचारी, कानून व्यवसायी लगायत न्याय र कानूनका क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापना भएको हो। प्रतिष्ठानको स्थापनाकाल देखि नै न्यायाधीश लगायत विभिन्न जनशक्तिलाई लक्षित गरी प्रतिष्ठानले सेवाप्रवेश/आधारभूत, सेवाकालीन, विषयगत तथा विशिष्टकृत प्रशिक्षणको आयोजना गरी रहेको छ। नागरिक तथा  नागरिक राज्यवीच उत्पन्न हुने विभिन्न विवादको शान्तीपूर्ण निरुपणले समाजमा शान्ती सुव्यवस्था कायम रहन्छ। नेपालको संविधानले यही कुरालाई आत्मसात गर्दै न्याय प्रशासन तथा सम्पादनको अभिभारा न्यायपालिकालाई सुम्पिएको छ। न्याय प्रशासन तथा सम्पादन गर्ने काम आफैंमा विशिष्ट, जटिल र शीप तथा दक्षतामूलक काम हो।न्याय गरेर मात्र हुँदैन गरेको देखिनु पर्छ भन्ने उक्तिवाट नै न्याय सम्पादन गर्ने कार्यमा गुणवत्ता आवश्यक पर्ने कुरालाई दर्शांउछ।न्यायपालिकावाट हुने न्याय सम्पादनको कार्यमा गुणस्तरीयता कायम गर्ने विभिन्न उपायहरुमध्ये न्यायाधीशको कार्यक्षमता अभिवृद्धी गरी दक्ष र शीपयुक्त बनाउनु पनि एक महत्वपूर्ण उपाय हो। कार्यक्षमता अभिबृद्धी गर्ने माध्यम प्रशिक्षण पनि भएकाले न्यायपालिकाले यसमा जोड दिएको छ।

यस प्रतिष्ठानले सरोकारवाला निकाय र पदाधिकारीहरुको आवश्कता, न्याय र कानूनमाका आएका नविनतम् अवधारणा, कार्यविधिगत एकरुपता र व्यवसायिक दक्षतालाई केन्द्रविन्दु राखी प्रशिक्षण कार्यक्रम आयोजना गर्ने गरेको छ। यसरी कार्यक्रम तयार गर्दा वैज्ञानिक प्रशिक्षण पद्दतीलाई अवलम्बन गर्दै आएको छ। प्रतिष्ठानले प्रशिक्षण चक्रको पद्दतीलाई आत्मसाथ गर्दै सम्बन्धित सरोकारवाला निकाय र सम्भावित सहभागीहरुको आवश्कताको पहिचान गर्ने र सोही आधारमा पाठ्यक्रमहरु निर्धारण गरी कार्यक्रम सञ्चालन आयोजना गर्ने गरेको छ। कार्यक्रम आयोजनाको दौरानमा गरेका मूल्याङ्कन, पृष्ठपोषण, अनुभब र सिकाईबाट पुनः पाठ्यक्रमको परिमार्जन हुने गरेको छ।

## १.२ पाठ्यक्रमको परिचय

राष्ट्रिय न्यायिक प्रतिष्ठानले न्यायिक जनशक्तिको क्षमता विकास गर्नेकार्यक्रमहरू न्यायाधीश, नेपाल न्याय सेवाका अधिकृत तथा सहायक कर्मचारीहरू लगायत कानून व्यवसायीहरूलाई लक्षित गरी सञ्चालन गर्दै आएको छ। प्रतिष्ठानले यस पटक नेपाल न्याय सेवा (न्याय समूह) राजपत्रांकित द्वितीय

तथा तृतीय श्रेणीका अधिकृत (इजलास अधिकृत) हरूको फैसला लेखन सम्बन्धी ज्ञान, सीप विकास गरी दक्ष र जिम्मेवारीप्रति समर्पित बनाउन प्रशिक्षण कार्यक्रम सञ्चालनका लागि प्रतिष्ठानले यो पाठ्यक्रम तयार गरिएको छ। देहायबमोजिम उद्देश्य रहेको ५ कार्य दिनको प्रस्तुत प्रशिक्षण कार्यक्रमका लागि देहायका सैद्धान्तिक तथा व्यावहारिक विषयहरू समावेश गरी यो पाठ्यक्रम तयार गरिएको छ।

## १.३ प्रशिक्षणको लक्ष्य र उद्देश्य

सहभागीहरूको फैसला लेखन सम्बन्धी ज्ञान, सीप विकास गरी दक्ष र जिम्मेवारी वहन प्रभावकारी रुपमा गर्न प्रशिक्षण कार्यक्रमको देहायबमोजिम लक्ष्य उद्देश्यहरू रहेका छन्ः

### १.३.१ लक्ष्य

- प्रशिक्षण पश्चात सहभागीहरूले फैसला लेखन सम्बन्धमा सैद्धान्तिक ज्ञान तथा सीप विकास गरी गुणस्तरीय कार्य सम्पादन गर्नेछन्।
- इजलासको मर्यादा,इजलासको व्यवस्थापन तथा इजलास अधिकृतहरूको काम तथा जिम्मेवारीबारे सहभागीहरू जानकार हुनेछन्।

### १.३.२ उद्देश्य

- सहभागीहरूको लेखन सम्बन्धी सैद्धान्तिक ज्ञान, सीप विकास गरी उनीहरूको जिम्मेवारी प्रभावकारी रुपमा वहन गराउन सक्षम बनाउने।
- इजलास अधिकृतहरूको लागि आवश्यक व्यवस्थापकीय पक्षबारे आधारभूत सीप र क्षमता विकास गर्ने।
- फैसला लेखनमा सुधार गर्नका लागि आवश्यक अनुसन्धान विधि सम्बन्धी सीप तथा भाषागत शुद्धताका बारेमा जानकारी गराई सहभागीहरूलाई फैसला लेखन गर्न उत्प्रेरित गर्ने।
- फैसला तथा आदेशहरूको मस्यौदातयार गरी विज्ञहरूबाट छलफल गरी सुधारका लागि अभ्यास गराउने।

## १.४ सहभागिता, सहभागी संख्या र अवधि

विशेष गरी इजलास अधिकृतहरूलाई लक्षित गरी सञ्चालन हुने यो प्रशिक्षण कार्यक्रमका लक्षित समूह, सहभागी संख्या र कार्यक्रमको अवधि देहाय बमोजिम हुनेछ।

१.४.१ **सहभागिता**: प्रशिक्षणका सहभागीहरु विशेष गरी इजलास अधिकृतहरू हुनेछन्।

१.४.२ **सहभागी संख्या**:प्रशिक्षण अन्तरक्रियात्मक हुने भएकालेएक (१) प्रशिक्षणमा जम्मा पच्चीस (२५) देखि तीस (३०) जनाको सहभागिता हुनेछ।

**१.४.३ अवधि**:यस प्रशिक्षणको अवधि पाँच (५) कार्य दिनको हुनेछ। एक दिनमा तीन (३) सत्र समावेश गरिनेछ। एक (१) सत्रको समय एक घण्टा तीस मिनेटको हुनेछ।

## १.५ पाठयक्रमको संरचना

प्रस्तुत पाठयक्रम अदालतक इजलास अधिकृतहरूको ज्ञान, सीप र केही हदसम्म प्रत्यक्ष अनुभव एवं इजलास अधिकृतहरूले यस विषयको कार्यसम्पादनमा सामना गर्नुपर्ने समस्याको जानकारी हुने गरी तय गरिएको छ। पाठ्यक्रममा आबश्यकताका आधारमा सैद्धान्तिक र व्यावहारिक सत्रहरु राखिएका छन्।पाठ्यक्रमको पहिलो भागमा प्रारम्भिक विषयहरु (पृष्ठभूमी, पाठ्यक्रमको लक्ष्य, उद्देश्य, अवधि, संरचना, सहभागी, प्रशिक्षण विधि, मूल्याङ्कन लगायतका विषयहरू) रहेको छ। दोश्रो भागमा प्रशिक्षणका मोडयूल बमोजिमका सत्रहरु समावेश गरिएको छ। पाठ्यक्रमको अन्त्यमा सन्दर्भ सामग्रीको विवरण रहेको छ।

## ६. मोड्युल एक: फैसला लेखन सम्वन्धी सैदान्तिक अवधारणा

यस प्रशिक्षणमा देहाय बमोजिम दुई (२) वटा मोड्युल अन्तर्गत पन्ध्र (१५) वटा सत्रहरु समावेश गरिएकोछ।

| **मोड्युल एक: फैसला लेखन सम्वन्धी सैदान्तिक अवधारणा** | |
|---|---|
| सत्र एक | न्यायिक निर्णयका सैद्धान्तिक पक्षहरू |
| सत्र दुई | फैसला लेखनका आधारभूत पक्षहरू |
| सत्र तीन | आदेश लेखनका सैद्धान्तिक तथा व्यवहारिक पक्षहरू |
| सत्र चार | इजलास व्यवस्थापन तथा इजलास अधिकृतको जिम्मेवारी र भूमिका |
| सत्र पाँच | फैसलाको टिपोट लेखन सम्बन्धी ज्ञान |
| सत्र छ | फैसलाको ठहर खण्ड |
| सत्र सात | फैसलामा तपसील खण्ड लेखन |
| सत्र आठ | नजिरको सिद्धान्त र फैसलामा नजीरको प्रयोग |
| सत्र नौ | कानूनी अनुसन्धानमा इजलास अधिकृतको भूमिका |
| सत्र दश | फैसलामा कानूनी तथा शुद्ध नेपाली भाषाको प्रयोग सम्बन्धी ज्ञान |
| **मोड्युल दुई : फैसला आदेश लेखन अभ्यास प्रस्तुती र पृष्ठपोषण** | |

| | |
|---|---|
| सत्र एक | फैसला र आदेश लेखन सम्बन्धी प्रयोगात्मक सत्र-१ |
| सत्र दुई | फैसला र आदेश लेखन सम्बन्धी प्रयोगात्मक सत्र-२ |
| सत्र तीन | फैसला र आदेश लेखन सम्बन्धी प्रयोगात्मक सत्र-३ |
| सत्र चार | फैसला र आदेश लेखन सम्बन्धी प्रयोगात्मक सत्र-४ |
| सत्र पाँच | फैसला र आदेश लेखन सम्बन्धी प्रयोगात्मक सत्र-५ |

### १.७ प्रशिक्षण सञ्चालन विधि र प्रशिक्षण मूल्याङ्कन

बजेट तथा समय अनुसार प्रशिक्षण आवासीय तथा गैरआवासीय रुपमा सञ्चालन गर्न सकिनेछ। प्रशिक्षणका प्रशिक्षक/श्रोत व्यक्ति चयन गर्दा प्रतिष्ठानको नियमानुसार सूचीकृत प्रशिक्षक तथा विज्ञ व्यक्तिबाट चयन गरिनेछ। प्रशिक्षकले सत्र सञ्चालन गर्दा वयस्क प्रशिक्षण विधि अवलम्बन गर्नु पर्नेछ। समग्र प्रशिक्षण, श्रोत व्यक्ति र सहभागीहरुको मूल्याङ्कन हुनेछ। आवश्यकताका आधारमा पूर्व प्रशिक्षण मूल्याङ्कन, प्रशिक्षण पश्चातको मूल्याङ्कन, प्रशिक्षण सत्रको मूल्याङ्कन र समग्र प्रशिक्षणको मूल्याङ्कन प्रतिष्ठानले तोकेको ढाँचा बमोजिम हुनेछ।

# भाग २

## मोड्यूल र सत्रहरू

### २.१ मोड्यूल एक: सैद्धान्तिक अवधारणा

| सत्र | विषयवस्तु | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १. | **न्यायिक निर्णयका सैद्धान्तिक पक्षहरू** | १. न्यायिक निर्णयका सैद्धान्तिक आधारहरू<br>२. कानूनी विवाद तथा राजनीतिक प्रश्नसम्बन्धी विषय<br>३. न्यायिक निर्णयका आधारभूत कुराहरू<br>४. अदालतमा विवादको प्रवेश<br>५. कानूनी प्रक्रिया / कार्यविधि<br>६. निर्णयका सीमाहरू<br>७. न्यायिक निर्णयका पालना,असर र मान्यता<br>८. अन्य देशको अभ्यास | १ घण्टा ३० मिनेट | • प्रवचन, प्रश्नोत्तर र समूहगत छलफलतथा अन्तरक्रिया |
| २. | **फैसला लेखनका आधारभूत पक्षहरू** | • फैसलाको सैद्धान्तिक अवधारणा<br>• फैसला लेखनका आधारभूत तत्वहरू<br>• फैसलाको प्रकृति, प्रकार तथा क्षेत्रहरू<br>• देवानी, फौजदारी फैसला लेखन तथा रिटको अन्तिम आदेश लेखनको आधारभूत सिद्धान्तहरू | १ घण्टा ३० मिनेट | • प्रवचन, प्रश्नोत्तर र समूहगत छलफलतथा अन्तरक्रिया |
| ३. | **आदेश लेखनका सैद्धान्तिक तथा व्यवहारिक पक्षहरू** | • आदेशले लेखनका सैद्धान्तिक तथा व्यवहारिक पक्षहरू<br>• सामान्य मुद्दामा हुने आदेश लेखन<br>१. थुनछेक आदेश,<br>२. प्रमाण मुकर आदेश,<br>३. तायदाती/फाँटवारी आदेश,<br>४. अन्तरकालीन आदेश, | १ घण्टा ३० मिनेट | • प्रवचन, प्रश्नोत्तर र समूहगत छलफलतथा अन्तरक्रिया |

| सत्र | विषयवस्तु | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | ५. वेरितको आदेश उपरको निवेदनमा गरिने आदेश,<br>६. प्रत्यर्थी झिकाउने आदेश,<br>७. दो.पा. र पुनरावलोकनको निस्सा प्रदान गर्ने आदेश,<br>८. लगाउको मुद्दामा गरिने आदेश<br>९. रिट सम्बन्धी कारण देखाउ आदेश,<br>१०.अन्तरिम आदेश,<br>११.अन्तिम आदेशरनिर्देशनात्मक आदेश<br>१२.न्यायिक टिप्पणी<br>१३.अन्य आदेशहरू | | |
| ४. | **इजलास व्यवस्थापन तथा इजलास अधिकृतको जिम्मेवारी र भूमिका** | **सत्रका विषयवस्तुहरू**<br>१. अवधारणा<br>२. अर्थ र परिभाषा<br>३. इजालसको मर्यादाका लागि गर्नुपर्ने कामहरू<br>४. न्यायिक अनुशासन तथा न्यायिक शिष्टाचार<br>५. बन्द इजलास तथा गोपनियता कायम गर्ने सम्बन्धी व्यवस्था<br>६. सुरक्षा र प्रवेश अनुमति<br>७. सूचना प्रवाह र सिमा<br>**इजलास अधिकृतको जिम्मेवारी र भूमिका**<br>१. इजलाश व्यवस्थापनलाई प्रभावकारी वनाउने<br>२. पेशी सूचीसँग मिसिल रुजु गर्ने | १ घण्टा ३० मिनेट | • प्रवचन, प्रश्नोत्तर र समूहगत छलफलतथा अन्तरक्रिया |

| सत्र | विषयवस्तु | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | ३. मुद्दाका पक्षहरू तारिखमा रहे नरहेको रुजु गर्ने<br>४. पक्ष विपक्ष कानून व्यवसायी आदिको नाम टिपोट गर्ने<br>५. पेशीको सुचना दिए नदिएको हेर्ने<br>६. टिपोट किताव, ऐन, कानून, कागजपत्र आदि ठिक्क पारीराख्ने<br>७. मिसिल संलग्न पूर्व आदेशहरू हेर्ने, आदेशानुसार कार्य सम्पन भए नभएको हेर्ने, मिसिलको सरसर्ति अध्ययन गर्ने<br>८. पेशि स्थगित गरिपाँउ भनि आएका निवेदन हेरि जाँची, आदेश भएमा आदेश तयार गरी सही गराई मिसिल सामेल गर्ने<br>९. मुद्दा सुनुवाइको क्रममा पक्षहरूलाई वोलाउन लगाउने, सुनुवाइको क्रममा कागजात पढेर सुनाउने, बहसको टिपोट गर्ने<br>१०.सक्कल कागजात, वन्दीखाम आदि खोलिएकोमा बन्दगरी प्रमाणित गरी राख्ने<br>११.मुद्दाको सुनुवाइ पश्चात आदेश भएमा आदेश तयारगरी सम्वन्धीत फाँटमा पठाउने, फैसला भएमा पोस्तीमा जनाउने, वाँकि रहेका मिसिल फाँटमा पठाउने | | |

| सत्र | विषयवस्तु | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | १२.फैसलाको पूर्णपाठ तयार गर्न न्यायाधीशलाइ सहयोग पुर्याउने,फैसलामा न्यायाधीशको दस्तखत पश्चात मिसिल र फैसला फाँटमा बुझाउने। | | |
| ५. | **फैसलाको टिपोट लेखन सम्बन्धी ज्ञान** | • फैसलाको परिचयात्मक (शीर) खण्ड (शीर्षक, अदालतको नाम,न्यायाधीशको नाम, मुद्दाको नाम,मुद्दाको नम्बर, मुद्दाका पक्षहरूको नाम तथा अन्य आवश्यक कुराहरू)<br>• फैसलामा तथ्यको महत्व तथा आधारभूत कुराहरू<br>• छोटकरी तथ्यको उल्लेखन गर्ने तरिका<br>• तत्थको छोटकरी उल्लेखन गर्दा ध्यान दिनुपर्ने कुराहरू<br>• अन्य सान्दर्भिक कुराहरू | १ घण्टा ३० मिनेट | • प्रवचन, प्रश्नोत्तर र समूहगत छलफलतथा अन्तरक्रिया |
| ६. | **फैसलाको ठहरखण्ड** | • ठहर खण्डमा रहने विषयवस्तुहरू<br>• फौजदारी मुद्दामा कसुरखण्ड र सजाय निर्धारणखण्ड<br>• बहसको बुँदा टिपोट<br>• छोटकरीमा तथ्यको उल्लेखन गरी मुद्दा तथा कानूनी विषयको रुपमा विश्लेषण<br>• निर्णय दिनुपर्ने कुराको पहिचान<br>• तथ्यको विश्लेषण<br>• प्रमाणको विश्लेषण | १ घण्टा ३० मिनेट | • प्रवचन, प्रश्नोत्तर र समूहगत छलफलतथा अन्तरक्रिया |

| सत्र | विषयवस्तु | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | • कानूनी व्यवस्थाको विश्लेषण<br>• नजीरको विश्लेषण<br>• प्रस्तुतीकरणको तरिकाहरू<br>• निर्णयमा पुग्नुका आधार तथा निर्णय | | |
| ७. | **फैसलामा तपसील खण्ड लेखन** | **सत्रका विषयवस्तुहरू**<br>• तपसील खण्डको आवश्यकता, महत्व तथा आधारभूत कुराहरू<br>• देवानी, फौजदारी तथा रिट सम्बन्धी मुद्दामा तपसिल खण्ड लेखन<br>• देवानी तथा फौजदारी मुद्दाको तपसिल खण्ड लेखनमा भिन्नता<br>• तपसिल खण्ड<br>  ○ निर्णयका बारेमा सम्बन्धित पक्षलाई सूचना दिने<br>  ○ पुनरादेनका लागि सूचना दिने<br>  ○ थुनुवालाई थुनामुक्त गर्ने कुराहरू<br>  ○ दण्ड जरिवाना असुल उपर गर्ने<br>  ○ थुनामा पठाउने तथा कैद सजाय गर्ने<br>  ○ चलन चलाउने<br>  ○ फैसला कार्यान्वयन गर्ने<br>  ○ अभिलेख तथा लगत राख्ने<br>• अन्य आवश्यक कुराहरू | १ घण्टा ३० मिनेट | • प्रवचन, प्रश्नोत्तर र समूहगत छलफलतथा अन्तरक्रिया |
| ८. | **नजिरको सिद्धान्त र फैसलामा** | • विधिशास्त्रीय अवधारणा र सैद्धान्तिक आधारहरू<br>• संवैधानिक तथा कानूनी व्यवस्था | १ घण्टा ३० मिनेट | • प्रवचन, प्रश्नोत्तर र समूहगत छलफलतथा अन्तरक्रिया |

| सत्र | विषयवस्तु | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | **नजीरको प्रयोग** | • बन्धनकारिता तथा अनुनयकारीको स्थिति<br>• Overruling<br>• नजिर र फैसला बीचको अन्तर<br>• Ratio decidendi, Obiter dicta, Sub silentio सम्बन्धी सिद्धान्तहरू<br>• नजिरका सीमाहरू<br>• नजीरको प्रयोगको बारेमा प्रयोग भएका नजीरहरू<br>• नजीरको प्रयोग तथा उल्लेखन<br>• अन्य सान्दर्भिक कुराहरू | | |
| ९. | **कानूनी अनुसन्धानमा इजलास अधिकृतको भूमिका** | • Basis of Legal Research Methodology<br>• Use of Research in Judiciary<br>• Legal and Judicial Resource<br>• Citation Rule | १ घण्टा ३० मिनेट | • प्रवचन, प्रश्नोत्तर र समूहगत छलफलतथा अन्तरक्रिया |
| १० | **फैसलामा कानूनी तथा शुद्ध नेपाली भाषाको प्रयोग सम्बन्धी ज्ञान** | • कानूनी भाषा र नेपाली कानूनी भाषाको उत्पति<br>• फैसला कानूनी भाषाको प्रयोग तथा समस्याहरू<br>• ह्रस्व दिर्घको नियम र एक रुपता<br>• छोटो वाक्य तथा सरल कानूनी भाषाको प्रयोग<br>• फैसला तयार गर्दा भाषागत रुपमा ध्यान दिनुपर्ने कुराहरू<br>• कानूनी भाषामा रहेका चुनौती र समाधानका उपायहरू | १ घण्टा ३० मिनेट | • प्रवचन, प्रश्नोत्तर र समूहगत छलफलतथा अन्तरक्रिया |

२.२ मोड्यूल एक: फैसला आदेश लेखन अभ्यास प्रस्तुती र पृष्ठपोषण

| सत्र | विषयवस्तु | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १ | **फैसला र आदेश लेखन** | • **कर्तव्य ज्यान**<br>• कार्यविधि ढाँचा कुलुकी फौजदारी कर्यविधि संहिता २०७४ अनुसूची ४३ दफा १३१को उपदफा (३) सँग सम्बधित फैसला ढाँचा | | • फैसला र आदेश लेखन अभ्यास गराउने फैसला र आदेशको<br>• छोटकरी जानकारी गराई निश्चित समयावधि तोकी एकल वा सामूहीक र प्रस्तुती पश्चात सुझावसहितको पृष्ठपोषण प्रदान गर्ने। |
| २ | **फैसला र आदेश लेखन** | • **अंश**<br>मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ अनुसूची २६ दफा २४१ को उपदफा (२) र अनुसूची २७ दफा २४१ को उपदफा (८) सँग सम्बन्धित फैसला ढाँचा | | • फैसला र आदेश लेखन अभ्यास गराउने मस्यौदाको छोटकरी जानकारी गराई निश्चित समयावधि तोकी एकल वा सामूहीक अभ्यासबाट मस्यौदा तयार गर्न लगाउने र प्रस्तुती पश्चात |

| सत्र | विषयवस्तु | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
| --- | --- | --- | --- | --- |
| | | | | सुझावसहितको पृष्ठपोषण प्रदान गर्ने। |
| ३ | **फैसला र आदेश लेखन** | • **निषेधाज्ञा** | | • फैसला र आदेश लेखन अभ्यास गराउने मस्यौदाको छोटकरी जानकारी गराई निश्चित समयावधि तोकी एकल वा सामूहीक अभ्यासबाट मस्यौदा तयार गर्न लगाउने र प्रस्तुती पश्चात सुझावसहितको पृष्ठपोषण प्रदान गर्ने। |
| ४ | **फैसला र आदेश लेखन** | | | • फैसला र आदेश लेखन अभ्यास गराउने मस्यौदाको छोटकरी जानकारी गराई निश्चित समयावधि तोकी एकल वा |

| सत्र | विषयवस्तु | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | | | सामूहीक अभ्यासबाट मस्यौदा तयार गर्न लगाउने र प्रस्तुती पश्चात सुझावसहितको पृष्ठपोषण प्रदान गर्ने। |
| ५ | **फैसला र आदेश लेखन** | | | • फैसला र आदेश लेखन अभ्यास गराउने मस्यौदाको छोटकरी जानकारी गराई निश्चित समयावधि तोकी एकल वा सामूहीक अभ्यासबाट मस्यौदा तयार गर्न लगाउने र प्रस्तुती पश्चात सुझावसहितको पृष्ठपोषण प्रदान गर्ने। |

**सन्दर्भ सामग्री**


- ताहिर अली अन्सारी फैसला लेखन विधि पैरवी प्रकाशन, २०६३
- H. L. A. Hart, The Concept of Law, Oxford University Press, (1990)
- Benjamin Cardozo, The Nature of Judicial Process, Yale University Press (1921)
- Robinjeet Singh and Arjinder Kapoor, An Insight Into the Judgement Writing, Singhal Law Publication (2019)
- S.D. singh's,Judgement and How to write them, revised by Dr.R. Prakash,Eastern Book company(2005)Fourth Edition
- Judgment Writing Delivered by the Honourable Justice Roslyn Atkinson, Supreme Court of Queensland, to the AIJA Conference, Brisbane, 13 September 2002. Extracted from http://www5.austlii.edu.au/au/journals/QldJSchol/2002/44.pdf (Visited on 6 July 2021)
- मुलकी अपराध संहिता, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र नियमावली, २०७५
- मुलुकी देवानी संहिता २०७४
- मुलुकी देवानी कार्यविधि संहिता २०७४ र नियमावली २०७५.
- सर्वोच्च अदालत ऐन, २०७३र नियमावली, २०७६
- न्याय प्रशासन ऐन, २०७३
- उच्च अदालत नियमावली, २०७६
- जिल्ला अदालत नियमावली, २०७६


**<u>केही महत्वपूर्ण नजिरहरु</u>**

- नेकाप २०६०, नि नं ७२९४
- नेकाप २०५९, नि.नं. ७०५३
- नेकाप २०५९ नि नं ७०५५
- नेकाप २०५७ नि नं ६८८
- नेकाप २०५५ नि नं ६६२५
- नेकाप २०५५ २०५५ नि नं ६५९९
- नेपाल कानून पत्रिका २०३३ नि नं ९९०
- **Pollock v. Farmers Loan and Trust Co. 157, US. 429, 608 (1895)**

## नमूना मुद्दाहरू

## नमूना १

## मुद्दाः कर्तव्य ज्यान

१. जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका वडा नं. ३५ नाकटी स्थित पुर्वमा कान्छा श्रेष्ठको तिन तले घर, पश्चिममा एयरर्पोटको ह्याङ्गर एरिया जाने पक्की पिच, उत्तर र दक्षिणमा गोठाटार जडिबुटि जाने पक्की बाटो यति चारकिल्ला भित्र हरियो घाँस रहेको डाँडा, उक्त डाँडो नै मुख्य घटनास्थल भनिएको, भन्ने समेत व्यहोराको मिति २०५८।०४।०४ को घटनास्थल मुचुल्का।

२. मिति २०५८/०४/०४ को बिहान अन्दाजी १०:०० बजेको समयमामेरो छोरो वर्ष १७ को विष्णु घिमिरे र निजका साथी दीपक कार्की काठमाडौं सिनामङ्गलको काडाघारीमा सिनेमा हेर्न गएकोमा बत्ति गएको वेला निजहरू बाहिर निस्किदा सोही सिनेमा हलबाट पहिले नै निस्की ढुकी बसेकाल धारीलो हतियार छुरा प्रहार गरी सख्त घाईते बनाई फरार भएको छन्। घाईतेहरूलाई उपचारार्थ वीर अस्पताल लैजादा छोरा विष्णु घिमिरेको मृत्यु भएकोहुँदा निज ज्यानमारालाई खोजतलास कारवाही गरी सर्वस्व सहित जन्म कैदको सजाय गरी पाउँ भन्ने समेत व्यहोराको चन्द्रबहादुर घिमिरेले दिएको मिति २०५८।०४।०४ को जाहेरी दरखास्त।

३. वीर अस्पतालको स्ट्रेचरमा राखिएको विष्णु घिमिरेको लाश राखिएको छ। निजले लगाएको कपडा रगत जस्तो तरल पदार्थले भिजेको छ। सो कपडा निकाली हेर्दा पेटभरी रगत जस्तो पदार्थ लतपतिएको, छातिको विचमा अस्पतालबाट प्रयोग भएको रुवा भित्रसम्म राखी घाउ जस्तो देखिएको, सो घाउबाट रगत जस्तो तरल पदार्थ बगिरहेको सो घाउको लम्बाई २ से.मि. चौडाइ १ से.मि. रहेको छ। त्यस्तै सोही घाउदेखि ६ इन्च तल लम्बाई २ से.मि. चौडाइ १ से.मि. रहेको अर्को घाउ समेत रहेको छ। उक्त दुबै घाउ धारिलो हतियारले काटिएको देखिन्छ भन्ने समेत व्यहोराको घटनास्थल लाशजाँच मुचुल्का।

४. प्रतिवादी जिते, देव, जितेन्द्र श्रेष्ठ समेत भनी बोलाउने ज्ञानेन्द्र श्रेष्ठको १०-१५ दिन अघि पनि झगडा भएको बुझिएकोले मिति २०५८/०४/०४ को दिन अं.९:४५ बजेको समयमा निज प्रतिवादीले छुरी प्रहार गरी विष्णुघिमिरेको मृत्यु भएको र मलाई समेत बाया नाडीमा र दाया कोखामा छुरीले हानी ज्यान मार्ने उघोग गरेको हुँदा निज प्रतिवादीलाई ज्यान सम्बन्धी महल बमोजिम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको घाईते दीपक कार्कीले दिएको जाहेरी दरखस्त।

५. विष्णु घिमिरेको मृत्युको कारणमा stab injury to the right lower chest. A sharp weapon used to injury. भन्ने समेत व्यहोराक मिति २०५८।०४।०५ को शव परीक्षण प्रतिवेदन।

६. मिति २०५८/०४/०४ का दिन म र मेरो साथीहरू विष्णु घिमिरे, दीपक कार्की, बेद बहादुर खत्री समेत ४ जना भई काडाँघारीमा भिडियो हेर्न गएका थियौं। हामीहरू सबैजना कोटेश्वर स्थित सरस्वती मा.वि.मा पढ्ने साथीहरू थियौं। भिडियो हलमा फिल्म हेरी रहदा अचानक बती इ्याप्प गयो, हामीहरू भित्र बसी रहेका थियौं। यसै अवस्थामा सोहि स्कुलमा पढ्ने जिते भन्ने जितेन्द्र श्रेष्ठ, स्कुल ड्रेसमा नै आयो, त्यहा आएर निज भित्र एकछिन पनि नबसी तुरुन्तै हलबाट बाहिर गयो। हामीहरू ४ जना त्यही बसी रहदा बत्ती नआएकोले विष्णु घिमिरे र दीपक कार्की हलबाट बाहिर निस्किए। म र बेदबहादुर कार्की केही समयपछि निस्किएर पेप्सीकोला चोकमा आईपुग्दा विष्णु घिमिरे र दीपक कार्की सडक नजिक पेटीमा रगताम्य भएर लडिरहेको देखेको हुँ पछि बुझ्दा जिते भन्ने जितेन्द्र श्रेष्ठको विष्णु घिमिरेसँग पहिला देखि नै झगडा परेको भन्ने सुनेको थिएँ। निज जिते भन्ने जितेन्द्र श्रेष्ठले छुरा प्रहार गरी विष्णु घिमिरेलाई कर्तव्य गरी मारेको तथा दीपक कार्कीलाई घाईते बनाई निज फरार भएको हो भन्ने समेत व्यहोराको राजु भुजेलले अनुसन्धानको क्रममा गरेको कागज।

७. मिति २०५८/०४/०४ को बिहान म,विष्णु घिमिरे, दीपक कार्की र राजु भुजेलका साथ कोटेश्वर स्थित काँडाघारीमा भिडियो हेर्न भनी गई भिडियो हेर्दा हेर्दै लाईन गई त्यँहा बसीरहेको हुँदा म पढ्ने स्कुल सरस्वती मा.वि.मा पढ्ने जिते भन्ने जितेन्द्र श्रेष्ठ आएर लगतै फर्किहाल्यो। तत्पश्चात बत्ती नआएको देखि विष्णु घिमिरे र दीपक कार्की बाहिर निस्के र हामी पनि बाहिर निस्की जान लाग्दा काठमाडौं जिल्ला, सिनामंगल चोकमा सडकको पेटी निर रगताम्मे अवस्थामा विष्णु घिमिरे र दीपक कार्कीलाई लडिरहेको पाई त्यँही रहेको एम्बुलेन्समा घाईतेहरूलाई राखी वीर अस्पताल पठाएका हौं। जिते भन्ने जितेन्द्र श्रेष्ठको विष्णु घिमिरेसँग पहिले देखिनै दुश्मनी थियो। निज जितेन्द्रले विष्णु घिमिरेलाई पहिले पनि पिटेको तथा दुवै विच पटक पटक झगडा भएको थियो। निज जितेन्द्रले नै छुरा प्रहार गरी विष्णु घिमिरेको मृत्यु भएको हो र दीपक कार्की घाइते भएको हुन भन्ने समेत व्यहोराको बेदबहादुर खत्रीले अनुसन्धानको क्रममा गरेको घटना विवरण कागज।

८. मिति २०५८/०४/०४ को बिहान अं.९:४५ बजेको समयमामेरो साथीहरू विष्णु घिमिरे, बेद बहादुर खत्री, राजु भूजेल समेत ४ जना काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३५ कोटेश्वर काँडाघारी भन्ने ठाउँमा भिडियो हेर्नको लागि गएका थियौं। भिडियो हेर्दै गर्दा बत्ती गयो। सोही बखत जिते भन्ने जितेन्द्र श्रेष्ठ आई तरुन्तै फर्किएको थियो। केही बेर बत्ती आउदैन होला भनेर विष्णु घिमिरे र म बाहिर निस्कीई केही परसम्म घुमेर आउ भनेर एयरपोंट डाँडा तर्फ

गई एयरपोर्ट तर्फ  हेरी रहेको बखत पेप्सीकोला तिरबाट जितेन्द्र श्रेष्ठ आई रहेको थियो। एक्कासी जितेन्द्र श्रेष्ठ हामी भए स्थानमा आई हातमा छुरा निकाली मलाई ताकेर हान्दा विष्णु घिमिरेले धकेली दियो र म लड्न पुगे। म लडेपछि जितेन्द्र श्रेष्ठले विष्णु घिमिरेको हात समाई पेटमा ४/५ पटक छुरा प्रहार गर्यो।म उठेर समाउन खोज्दा निजले भिरेको झोलामा मात्र समाउन पुगेछु।झोला मेरो हातमा आई म पुनःझोला सहित लडेपछि निजले विष्णु घिमिरेलाई पुनःछुरा प्रहार गरी धकेलेर लडाई निज पेप्सीकोला तर्फ जाँदा विष्णु घिमिरेले सोहि ठाउँको ईटा टिपी जितेन्द्र श्रेष्ठलाई हान्दा पछाडी कुममा लागेको थियो।विष्णु घिमिरेले मुटुमा छुरा लाग्यो भन्दै थियो, तुरुन्तै अस्पताल जानु पर्छ भनेर मैले निजलाई समाएर डोराउदै सडकमा आउदा एउटा मोटरसाइकल आएकोले सोही मोटरसाइकलमा विष्णु घिमिरे र म बसेर पेप्सीकोलासम्म आउदा विष्णु घिमिरे मोटरसाइकलमा बस्न सक्ने अवस्थामा रहेन अनि सोहि स्थानसम्म आएको थाहा छ, त्यस पछि म पनि बेहोस भएछु।होसमा आउदा बिर अस्पतालमा थिए, मेरो नाडी र पेटमा चोट थियो, विष्णु घिमिरेको मृत्यु भई सकेको थियो। मेरो उपचार पश्चात सोहि दिन राती २२:०० बजे घरमा फर्किएको हुँ।हामीलाई छुरा हान्ने जिते भन्ने जितेन्द्र श्रेष्ठ होभन्ने समेत व्यहोराको दीपक कुमार कार्कीले अनुसन्धानको क्रममा गरेको घटना विवरण कागज।

९. २०५८ सालमा मेरो साथीको साईकल विष्णु घिमिरेले किनेको र पैसा पुरा नदिएकोमा घटना मिति भन्दा अं.८/१० दिन अगाडी कोटेश्वर चोकमा विष्णु घिमिरे, बेचे राजु, मेरो फुपुको छोरा प्रकाश श्रेष्ठ भेटघाट हुँदा विष्णु घिमिरे र म बिच झगडा भई हातपात समेत हुँदा साथीहरूले छुट्याएपछि हामीहरू आ-आफ्नो घर कोठा तर्फगयौं। त्यपछिमिति २०५८/०४/०४ को बिहान मैले घरमा खाना खाई कोटेश्वेर स्कुलमा जाने क्रममा कोटेश्वरचोक नजिक पुग्दा मेरो साथी अमृत लामासँग भेट भई स्कुल होमवर्कको कुरा कानी हुँदा गणित विषयको होमवर्क नगरेको र गणित पढाउने शिक्षिकाले सजाय दिने डरले म स्कुल नजाने निधो गरी कोटेश्वरबाट फर्किएर एयरपोर्ट पछाडी डाँडाको बाटो हुँदै पेप्सीकोला पुगें। पेप्सीकोलामा पुगेपछि भिडियो देखाउने स्थानमा गई रु.५।- तिरेर भिडियो (फिल्म) हेरेर मात्र घरमा जाने भनी भिडियो देखाउने स्थानमा भित्र प्रवेश गर्दा ढोकाको छेउ तर्फ विष्णु घिमिरे, दीपक कार्की, बेचे भन्ने व्यक्ति र राजु भुजेल बसेर भिडियो हेर्दै रहेछन्। निजहरूलाई देख्नासाथ पहिला झगडा गरेको विषयमा मलाई कुटपिट गर्दछन की भन्ने डरले म भिडियो नहेरी ढोका नजिकबाटै फरक्क फर्किएर सो स्थान देखि एक डेढ सय मिटर पर पुगेर पछाडी तर्फ हेर्दा विष्णु घिमिरे र दीपक कार्की म भन्दा अ.१० मिटर पछाडी र बेचे र राजु भुजेल अं.५० मिटर पछाडी आउदै आएका रहेछन्। निजहरूलाई देखेपछि मलाई डर लाग्यो, पहिले कै झगडामा आज मलाई कुट्ने होला भन्ने लागेको थियो र घटनास्थलमा पुग्नसाथ दीपक

कार्की र विष्णु घिमिरेले मलाई भेटे। पहिलाको झगडाको कुरा बिर्सिदिनु अब झगडा गर्नु हुदैन भन्दै मैले कुराकानी गर्दा निजहरूले मलाई हातपात गर्लान जस्तो गरेर तम्सिएर दीपकले पेटि निकाल्यो। विष्णु घिमिरेले ढुङ्गाले हानेकोले मेरो कुम तर्फ लाग्यो। मैले पनि यसो भुईमा हेर्दा फलामको एकातर्फ तिखो भएको धारिलो हतियार फेला पारे अनि झगडा हुँदा मलाई दीपकले प्रहार गरेको पेटीले छातीमा लागेपछि मैले फलामको एकातर्फ तिखो भएको धारिलो हतियारले दीपकलाई प्रहार गर्दा (घोप्दा) निजको हात तर्फ लागेर अईया भन्दै पछाडी सर्यो। अनि मलाई विष्णु घिमिरेले अगाडीबाट समाइ आक्रमण गर्दा विष्णु घिमिरेले मैले दाँया हातमा समाएको हतियारले पेट, कोखा तर्फ ३/४ पटक प्रहार गर्दा निज पेट थिचेर अइया भन्दै कुप्रो परेर बस्यो। अनि मैले सो हतियार त्यही फाली भागेको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी जिते, देव, जितेन्द्र श्रेष्ठ समेत भनी बोलाउने ज्ञानेन्द्र श्रेष्ठले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष मिति २०७५।०९।२० मा गरेको बयान।

१०. प्रस्तुत मुद्दामा मिसिल संलग्न हुन आएको घटनास्थल मुचुल्का, लाश जाँच मुचुल्का, जाहेरी दरखास्त, प्रहरी प्रतिवेदन, घाईते दीपककुमार कार्कीले गरेको कागज, पोष्टमार्टम रिर्पोट, बुझिएका राजु भुजेल, बेदबहादुर खत्रीसमेतले गरेको कागज, प्रतिवादी जिते, देव, जितेन्द्र श्रेष्ठ समेत भनी बोलाउने ज्ञानेन्द्र श्रेष्ठले गरेको बयान, सनाखत कागज समेतका आधार प्रमाणबाट घटना मिति भन्दा ८/१० दिन अगाडी भएको झगडाविवादको रिसईवी लिई मिति २०५८/०४/०४ को बिहान अं.१०:०० बजेको समयमा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.३५ पेप्सीकोला नाकटी भन्ने स्थानमा रहेका विष्णु घिमिरे र दीपक कार्कीलाई प्रतिवादी जिते, देव, जितेन्द्र श्रेष्ठ समेत भनी बोलाउने ज्ञानेन्द्र श्रेष्ठले फलामको धारीलो हतियारले प्रहार गरी सख्त घाईते भएकोमा दीपककुमार कार्कीको उपचार पश्चात ठिक भएको र विष्णु घिमिरेको विर अस्पतालमा उपचारको क्रममा सोहि दिन मृत्यु भएको वारदात स-प्रमाण पुष्टी हुन आएको छ। निज प्रतिवादी जिते, देव, जितेन्द्र श्रेष्ठ समेत भनी बोलाउने ज्ञानेन्द्र श्रेष्ठले प्रहार गरेको फलामको तिखो भएको धारिलो हतियारले प्रहार गर्दा विष्णु घिमिरेको मृत्यु भएको हुँदा निज प्रतिवादी जिते, देव जितेन्द्र श्रेष्ठ समेत भनी बोलाउने ज्ञानेन्द्र श्रेष्ठलाई मुलुकी एन ज्यान सम्बन्धी महलको १ नं को कसुरमा १३(३) बमोजिम र मुलुकी अपराध संहिता २०७४ को दफा १७७ को कसुरमा सोही दफा १७७ बमोजिम सजाय गरी पाउँ। साथै निज प्रतिवादीले प्रहार गरेको फलामको धारिलो हतियारले घाईते दीपक कार्कीलाई प्रहार गरी तत्काल उपचार भई ज्यान मार्नबाट जोगिएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. तथा १५ नं. बमोजिमको कसूर अपराधमा सोही महलको १५ नं. र मुलुकी अपराध संहिता २०७४ को दफा

१८३ को कसुरमा सोही दफा १८३ बमोजिम समेत सजाय गरी पाँउ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारको तर्फबाट काठमाडौं जिल्ला अदालतमा दायर भएको अभियोग पत्र।

११. मैले मिति २०७५/०९/२० मा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा केही ब्यहोरा मैले भने बमोजिम लेखिएको हो केही ब्यहोरा मेरो होईन। प्रहरीमा बयान गरेकोमा अमृत लामाको साईकल विष्णु घिमिरेले लिएको हो त्यसको रकम लिने सम्बन्धमा सामान्य भनाभनसम्म भएको थियो। कुटाकुट भएको होईन। त्यसको करिब १ महिना पछाडी बिहान खाना खाएर स्कुल नगै मेरो अमृत लामासंग भेटभई स्कुल होमवर्कको कुरा भएकोले होमवर्क नगरेको हुँदा गणित शिक्षकले सजाय दिने डरले म स्कुल नगई पेप्सीकोला पुगी फिल्म हेर्न भनी फिल्म हलमा जाँदा फिल्म हलको ढोका छेउमा विष्णु घिमिरे,दीपक कार्की, बेचे भन्ने व्यक्ति र राजु भुजेल बसेको देखेर निजहरूले मलाई कुटपिट गर्छन भन्ने डरले म त्यहाँबाट भागी करिब डेढ सय मिटर पर पुगी फर्केर हेर्दा विष्णु घिमिरे र दीपक कार्की म भन्दा १० मिटर पछाडी र बेचे र राजु भुजेल ५० मिटर जति पछाडी ढुङ्गा रड र धारिलो हतियार बोकी मलाई लखेट्दै आउदै गरेको देखेको थिएँ। पछि विष्णुले ढुङ्गाले मलाई हिर्काउदा मेरो दाहिने कुममा लागेको र दीपकले मलाई टाउकोमा रडले प्रहार गर्दा मैले हातले छेके र त्यस पछिपनि निजले मलाई फेरी प्रहार गर्न खोज्दा म छल्लिए र सो रडले विष्णुलाई लागि घाईते भएपछि म त्यहाँबाट ज्यान जोगाउनको लागि भागेर घरजान खोज्दा त्यहाँबाट पनि मलाई लखेटेका हुन। त्यसपछि के भयो कस्को प्रहारबाट विष्णु घिमिरेको मृत्यु भएको हो मलाई थाहा भएन। मैले कसैको ज्यान मारेको पनि छैन र ज्यान मार्ने उद्योग गरेको छैन। मैले गर्दै नगरेको काममा मलाई सजाय हुनु पर्ने होईन भन्ने समेत व्यहोराको प्रतिवादीले यस अदालतमा गरेको बयान।

१२. घटना भएको दिन बिहान ०४:०० बजेको समयमा घरबाट म र छोरो बाहिर निस्केर तीनकुने सम्म संगै गयौं। सोही क्रममा मेरो छोरो फिल्म हेर्न भनी एर्पोटमा गएको थियो। सो स्थानमा नै छोराको छुरा प्रहार गरी हत्या भएको रहेछ। म सो स्थानमा थिएन। म वीर अस्पताल गएको थिएँ। सो समयमा छोराको मृत्य भईसकेको थियो। छोरोको शरीरमा विभिन्न भागमा ३/४ पटकसम्म छुरी प्रहार गरीएको थियो। उक्त घटनामा प्रत्यक्ष संलग्न जितेन्द्र श्रेष्ठले नै उक्त घटना घटाएको हो। निज प्रतिवादीले नै उक्त स्थानमा बोलाई सो घटना घटाएका हुन्। निज प्रतिवादीलाई हदैसम्मको कारबाही हुनुपर्छ र क्षतिपूर्ति समेत दिलाई भराई पाउनुपर्छ भन्ने समेत व्यहोराको जाहेरवाला चन्द्रबहादुर घिमिरेले यस अदालतमा गरेको बकपत्र।

१३. मृत्यु हुने विष्णु घिमिरे र प्रतिवादीको मिति २०५८/०४/०४ भन्दा अघि देखिनै सामान्य झै झगडा हुने गर्थ्यो। घटना भएको दिन हामी ४ जना काँडाघारीमा भिडियो वा फिल्म हेर्न गएका

थियौं। हामी भित्र भिडियो हेरिरहेको अवस्थामा प्रतिवादी त्यस स्थानमा आयो। उसले हाम्रो टिमलाई देख्यो र उक्त घटनाको घाईते दीपक कार्की पनि भिडियो हलबाट निस्केर गए। उनीहरू गएको अं.१५/२० मिनेट पछि पनि नआएपछि, २/४ दिन अघि पनि प्रतिवादीले मृतकलाई कुटेका थिए र फेरी पनि उनीहरू बीच कतै झगडा पो भयो की भनेर राजु भुजेल र म उनीहरूलाई खोज्न भनी बाहिर गयौं। कतैपनि नदेखेपछि हामी पनि जाम उनीहरू बीच कतै झगडा गरेकी भन्ने विचारले हामी कोटेश्वर तर्फ घर फर्कदै थियौं। पेप्शीकोला पुग्नुभन्दा करिब २०० मिटर अगाडी मानिसहरूको भिड थियो। के रहेछ भनी हामीले हेर्न जाँदा दीपक कार्की र विष्णु घिमिरे रक्ताम्ये भएर लडेका रहेछन। लडेको ठाँउ भन्दा अलि माथि हाम्रो सैनिक ब्यारेक रहेको ठाँउतिर बाटै प्रतिवादीले धारिलो हतियार प्रयोग गरी घाईते बनाएको रहेछ। त्याँहाबाट मोटरसाईकलसंग सहयोग मागेर लडेको ठाँउमा पुगेका रहेछन। त्यसपछि हामीले एम्बुलेन्सलाई रोकी घाईतेहरूलाई वीर अस्पतालमा पठायौं। हामी पनि अर्को बसमा वीर अस्पतालमा गऱ्यौ। सोही दिन विष्णु घिमिरेको मृत्युको खबर सुनियो भन्ने समेत व्यहोराको वादीका साक्षी बेदबहादुर खत्रीले यस अदालतमा गरेको बकपत्र।

१४. घटना भएको भनिएको मितिमा यी प्रतिवादी सानो उमेरका थिए अर्थात १४-१५ वर्षका थिए। निज त्यसबेला कक्षा ६ मा पढ्थे। निजलाई मैले सानै देखि नै चिन्थे। निजले नराम्रो कार्य गरेको मैले थाहा पाएको छैन। निजलाई झुठा आरोप लगाईएको हो। शंकाको भरमा यी प्रतिवादी उपर जाहेरवालाहरूले झुठा उजुरी दिएका हुन। यी प्रतिवादी ज्ञानेन्द्र श्रेष्ठले मृतक विष्णु घिमिरेलाई कर्तव्य गरी मारेको होईन/छैन। दीपक कार्कीले पनि झुठा जाहेरी दिएका हुन। निजलाई प्रतिवादीले ज्यान मार्ने उद्योगको कुनै कसूर गरेका छैनन। मृतक समेतसंग यी प्रतिवादीको कुनै पनि लेनदेन, कारोबार तथा रिसईबी थिएन। मृतकलाई मार्नु पर्ने कुनै कारण एवम मनसाय पनि थिएन। तसर्थ यी प्रतिवादीले अभियोग दावी बमोजिमको कसुर नगरेकोले निजलाई प्रस्तुत मुद्दामा सजाय नभई सफाई हुनुपर्छ भन्ने समेत ब्यहोराको प्रतिवादीका साक्षी मधुसुदन हाडाले यस अदालत समक्ष गरेको बकपत्र।

## नमूना २

## मुद्दाः अंश

१. विपक्षी पति/पिता सीताराम थापाको २ श्रीमतीमा जेठी म फिरादी माइली थापाबाट ४ छोरीहरू र १ छोरा पवन थापाको जायजन्म भएको कान्छि सौता शान्ता थापाको तर्फबाट १ छोरा तथा १ छोरीको जाय जन्म भएकोमा म फिरादी तर्फका २ छोरीहरू र विपक्षी सौताको १ छोरीको विवाहदान समेत भै सकेको सौतेनी छोरा सन्तोष थापाको मिति २०६२ सालमा परलोक भै निजको हकखाने हकदार श्रीमती विपक्षी प्रतिवादी मालती थापा र निजको नाबालक १ छोरा युगेश जंग थापा भएकोमा हामी फिरादीहरू र विपक्षी प्रतिवादीहरू बाहेक अन्य कोही अंशियारहरू नभएको हुँदा हाल एका परिवारमा अंश गर्नुपर्ने हामी फिरादी र विपक्षी प्रतिवादीहरू समेत ७(सात) जना अंशियारहरू भै रहँदै बस्दै आउँदा केही समय देखि विपक्षी पति/पिताले घर मुलीको हैसियतमा हामी फिरादी प्रति गर्नु पर्ने दायित्व पुरा नगरी अनावश्यक बखेडा खडा गर्दै झै-झगडा समेत गरी हामी फिरादी समेतको अंश हक लाग्ने संगोलको सम्पत्ति विपक्षी नाती भतिजा बुहारी भाउजु समेतका नाममा गरिदिई हामीहरूको अंशहक लाग्ने सम्पत्ति जत्रतत्र गर्दै आउनु भएकोमा विपक्षी प्रतिवादीलाई हामी फिरादीले हामीलाई उचित व्यवहार गर्नुहोस, पैतृक सम्पत्ति एकलौटी रुपमा हामी समेतको अंश हक लाग्ने सम्पत्ति हाम्रो मंजुरी विना बेच विखन हकहस्तान्तरण गर्न पाउनु हुन्न बरोबर भाग गरी हाम्रो अंश भागमा पर्ने सम्पत्ति हामीलाई छुट्टाई दिनुहोस भन्दा उल्टै विपक्षी प्रतिवादीहरू एकमुख भै केको अंश दिने हामीले अंश केही दिने छैनौं जे गर्न सक्छौ जानेको गरे हुन्छ भनी अति नमिठो रुखो बचन गरी हामी फिरादीलाई अंश दिन इन्कार गरेकाले फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी मुलुकी ऐन, अंशवण्डाको महलको २०, २१, २२ र २३ नं. बमोजिम विपक्षी प्रतिवादीहरूबाट अंशको तायदाती फाँटवारी दाखिला गराई सम्पूर्ण सम्पत्तिलाई ७ भाग लगाई सो ७ भागको ४ भाग अंश हामी फिरादीलाई दिलाई चलन समेत चलाई हाम्रो नाउँमा दर्ता समेत गरी पाउँ भन्नेसमेत बेहोराको वादीको फिराद पत्र।

२. यसमा प्रस्तुत फिराद पत्र दुनियावादी देवानी दायरीमा दर्ता गरी प्रतिवादीहरूका नाउँमा कानून बमोजिमको म्याद जारी गरी कानुन बमोजिम गर्नु भन्ने मिति २०७५/०३/१३ को आदेश।

३. विपक्षी वादीले फिराद पत्रमा उल्लेख गरेको पुस्तेवारी बाहेक अन्य सम्पूर्ण विषय झुठ्ठा एवं कपोकल्पित हो। विपक्षी वादीले आफ्नो फिराद प्रकरण नं. २ मा पिता/पतिको हैसियतले कुनै दायित्व पुरा नगरेको, हाम्रो संगोलको सम्पत्ति नाती भतिजालाई दिएको, बुहारी भाउजुको नाउँमा गरिदिएको भन्ने विषय झुठ्ठा हो। विपक्षी फिरादीहरूले रातदिन म प्रतिवादी सीताराम थापासँग हाम्रो

सम्पत्ति भएर हामीलाई के काम लागेको छ र तपाई बुढो मान्छेले आफ्नो सम्पत्ति राखेर कुनै काम छैन। तपाईको नाउँमा भएको सम्पत्ति हाम्रो नाउँमा गरिदिनुहोस हामी प्रयोग गर्छौं भनी दवाव दिएका हुनाले निजहरूले माग गरे बमोजिम प्रतिवादी मध्येको म सीताराम थापाले मेरो नाउँमा दर्ता रहेको काठमाण्डौ जिल्ला चपली भद्रकाली वडा नं. ६ग को कित्ता नं. ११६१, ऐ. ऐ. को कि. नं. २०३६ र ऐ. को कि. नं. ३६७ को क्रमशः ज.रो. १-७-०-०-, १-८-३-० र ०-१०-०-० सम्पूर्ण जग्गा विपक्षी जेठी श्रीमती माइली थापा र प्रतिवादी मध्येकी कान्छी श्रीमती शान्ता थापाको संयुक्त नाममा २०५८ सालमै राजीनामा पारित गरिदिएको हुँ। त्यस पश्चात दुवै श्रीमतीका परिवार आ-आफ्नो परिवार लिई छुट्टाछुट्टै बसी छुट्टै भान्सामा खाने गरी म प्रतिवादी सीताराम थापालाई विहान जेठी श्रीमतीको परिवारले र साँझ कान्छी श्रीमतीको परिवारले खान दिई मेरी जीवन चलि रहेकोमा जेठी श्रीमतीको परिवारले मलाई कुटपिट गरी मेरो कुनै हेरविचार नगरेकाले मिति २०७२ साल देखि म कान्छी श्रीमती स्व. छोरा सन्तोष थापाको श्रीमती मालती थापाको साथमा बसी आएको छु। म प्रतिवादी सीताराम थापाले विपक्षी माइली थापा समेतको नाउँमा राजीनामा पारित गरिदिएको उल्लेखित जग्गाहरू मध्ये कित्ता नं. ११६१ को ज.रो. १-७-०-० जग्गा विपक्षी मध्येका पवन थापाको अगुवाइमा विपक्षी माइली थापा र शान्ता थापा समेतले बेचविखन गरी सबै रकम मासी खाएका र कि.नं. २०३६ को ज.रो. १-८-३-० जग्गा विपक्षी मध्येका माइली थापाको छोरा पवन थापाले जग्गाको खरीद विक्रीको कारोबार गर्ने भनी सुवास कार्की भन्ने व्यक्तिसँग ऋण लिई सो ऋण वापत उल्लेखित कि.नं. २०३६ को जग्गा निज सुवास कार्कीको नाउँमा धितो स्वरुप राजीनामा पारित गरिदिएकोमा पछि निज साहु धनी सुवास कार्कीबाट र अन्य व्यक्तिहरू समेतबाट लिएको ऋण धन तिर्न भनी उक्त कि.नं. २०३६ को जग्गा विक्री गर्दै कित्ताफोड हुँदै तह तह हकहस्तान्तरण गरी विक्री हुँदा शान्ता थापाको नाउँमा कायम हुन आएकों बाँकी कित्ता नं. २६१७ को ज.रो. ०-१२-१-२ जग्गा समेत विक्री गर्न खोजेकोमा म खरीद गर्छु मलाई माइतीले जग्गा किनी दिन्छु भनी बुहारी मालती थापाले भनेकाले निज विधवा बुहारीका माइती पट्टीका बुवा आमाले रकम दिई शान्ता थापाबाट उक्त कि.नं. २६१७ को ज.रो. ०-१२-१-२ जग्गा बुहारी मालती थापाले आफ्नो र नाती युगेश थापाको नाउँमा संयूक्त रुपमा खरीद गरेकी हुन्। उक्त रकम जग्गा धितो लिने सुवास कार्कीलाई विपक्षी पवन थापाले बुझाई निजको ऋण चुक्ता गरेको हुँदा उक्त जग्गा संगोलको भन्न सक्ने अवस्था छैन भने कि.नं. ३६७ को जग्गा हाल सम्म निजहरूकै संयुक्त नाउँमा कायम रहेको र उक्त कित्ता जग्गामा घर समेत रहेकाले जेठी कान्छी श्रीमतीका परिवारले उक्त घर जग्गामा आफ्नो परिवारको भात भान्सा अलग अलग गरी बसेका छन्। यसरी म प्रतिवादी सीताराम थापालाई विपक्षी प्रतिवादीहरूले सधै

सम्पत्ति उपभोग गर्न पाइएन भनी सधै दुःख दिई मानसिक तनाव समेत दिएकाले मैले मेरो नाउँमा भएजति सम्पूर्ण सम्पत्ति विपक्षी समेतलाई दिई आफु अरुले दिएको खाई बसेको अवस्थामा पुनः मलाई प्रतिवादी बनाई अंश मुद्दा दायर गर्नुको कुनै औचित्य छैन। मेरो नाउँमा कही कतै चल अचल सम्पत्ति समेत छैन र प्रतिवादी मध्येकी म शान्ता थापा समेतको संयुक्त नाउँमा रहने गरी पति सिताराम थापाले दिएको कि.नं.. ११६१, २०३६ र ३६७ को जग्गा मध्ये हाल कि.नं.. ३६७ को ०-१०-०-० जग्गा मात्र बाँकी रहेको छ। अन्य कित्ता जग्गा विपक्षी पवन थापाले साहुबाट लिएको ऋण तिर्दा सकिएको छ। बाँकी रहेको कि.नं.. ३६७ को जग्गा वण्डा गरेमा मेरो कुनै आपत्ति छैन। विपक्षीले हामी उपर गर्दै नगरेको झुठ्ठा कुरा उल्लेख गरी हामी बृद्ध बुढाबुढीलाई प्रतिवादी बनाई हामीलाई दुःख हैरानी दिने उद्देश्यले प्रस्तुत मुद्दा दायर गरेको हुँदा विपक्षी वादीको झुठ्ठा फिराद दावी खारेज भागी हुँदा खारेज गरी पाऔं भन्नेसमेत बेहोराको प्रतिवादी शान्ता थापाको वारेस भै आफ्नो हकमा समेत प्रतिवादी सीताराम थापाको संयुक्त प्रतिउत्तर पत्र।

४. विपक्षी वादीले फिरादमा उल्लेख गरेको हामी वादी प्रतिवादी बीच रहेको नाता सम्बन्धको बेहोरासम्म ठीक साँचो हो। सो बाहेक अन्य बेहोरा झुठ्ठा, कपोकल्पित र गैरकानूनी हो। विपक्षीहरूले फिरादको प्रकरण नं. २ मा पिताले हामी वादीप्रति कुनै दायित्व पुरा नगरेको, हाम्रो संगोलको सम्पत्ति विपक्षी पति/पिताले नाती/भतीजालाई दिएको, बुहारी/भाउजुको नाउँमा गरिदिएको भन्ने विषय झुठ्ठा हो। म प्रतिवादी मालती थापाको विवाह मिति २०५५/०१/२३ गते सामाजिक परम्परा अनुसार सन्तोष थापासँग विवाह भएको हो। हाम्रो दाम्पत्य सम्बन्धबाट १ छोरा युगेश थापाको मिति २०५८/११/०६ गते जाय जन्म भएको हो। मेरो पति सन्तोष थापाको मिति २०६२/०८/२५ मा मोटरसाइकल दुर्घटनामा परी मृत्यु भएको र पतिको मृत्यु पश्चात् घर चलाउन दुःख भएकोले विद्यालयमा पढाउने काम गर्दै आएकी छु। विपक्षीहरूले बुवालाई खान नदिएको र मेरो सासु शारिरिक रुपले कमजोर भएको हुनाले हाल मेरो सानो जागिरले छोरा, सासु शान्ति थापा र ससुरा सीताराम थापालाई हेरविचार गरी बसेकी छु। विपक्षी प्रतिवादीले मलाई प्रतिवादी बनाउनुको कुनै औचित्य छैन। विपक्षीहरूलाई मैले अंश दिनु पर्ने होइन। विपक्षी र म समान स्तरका अंशियारहरू हौं। विपक्षीकी आमा माइली थापा र मेरो स्वर्गिय पतिको आमा शान्ता थापाको नाउँमा संयुक्त रुपमा रहेको बुढानिलकण्ठ नगरपालिकाको कि.नं. ३६७ को ०-१०-०-० जग्गा मात्र बाँकी रहेको छ। उक्त जग्गामा म प्रतिवादी मालती थापाको पनि अंश भाग लाग्ने जग्गा हो। विपक्षीहरूले हामी फिरादीहरूको संगोलको सम्पत्ति विपक्षी नाती भतिजा बुहारी भाउजु समेतको नाउँमा गरिदिई हामीहरूको अंश भाग लिएको आरोप लगाएका छन् सो सम्बन्धमा विपक्षी पवन थापाले जग्गाको कारोबार गर्छु भनी सुवास कार्की भन्ने व्यक्तिसँग कर्जा लिई निजकी आमा

माइली थापा र मेरो सासु शान्ता थापा समेतको संयुक्त नाउँमा भएको काठमाण्डौ जिल्ला चपली ६ग को कि.नं. २०३६ को ज.रो.१-८-३-० जग्गा निज सुवास कार्कीलाई धितो स्वरुप राजीनामा पारित गरिदिएकोमा निज पवन थापाले सुवास कार्कीबाट लिएको कर्जा रकम तिर्न भनी निज सुवास कार्कीसँग मिली उक्त कि.नं. २०३६ को जग्गालाई विभिन्न व्यक्तिहरूलाई कित्ता काट गर्दै विक्री गरी तह तह हक हस्तान्तरण हुँदा बाँकी रहेको कि.नं. २६१७ को ज.रो. ०-१२-१-२ जग्गा सुवास कार्कीको बहिनी, विष्णुबहादुर थापाको श्रीमती शान्ता थापाको नाउँमा रहेकोमा सो जग्गा समेत विक्री गरी ऋण तिर्न भनी ग्राहक खोजी हिडेकोमा मेरो माइतीका बुवा आमाले छोरीले दुःख पाई नाबालक नाती छ ज्वाई स्वर्गबास हुनु भयो। हामीले नै छोरीको लागी ऋण धन गरी किनिदिन्छौ भनी शान्ता थापाको नाउँमा रहेको उक्त कि.नं. २६१७ को जग्गा म मालती थापा र छोरा युगेश थापाको संयुक्त नाउँमा खरिद गरिदिनु भएको हो। सो जग्गाबाट हामी दुवै आमा छोराको सल्लाह बमोजिम घर बनाउने विचार गरी सोही कित्ता नं. २६१७ को ज.रो. ०-१२-१-२ मध्ये ०-२-२-० जग्गा विक्री गरी सोही पैसाले हाल घर बनाई रहेकी छु। म सँग संगोलको पैतृक सम्पत्ति केही पनि छैन। उक्त माइतीले खरिद गरिदिएको जग्गा बमोजिम माइतीबाट पाएको सम्पत्ति दाइजो ठहर्ने र उक्त सम्पत्ति आफु खुश गर्न पाउने, वण्डा नलाग्ने सम्पत्ति भएको प्रष्ट छ। यसरी विपक्षीहरूले म समेतलाई प्रतिवादी बनाई प्रस्तुत अंश चलन मुद्दा दायर गरे पनि मसँग संगोलको अंशवण्डा गर्नुपर्ने कुनै पनि सम्पत्ति छैन। वण्डा गर्नुपर्ने संगोलको सम्पत्ति मेरो ससुरा सीताराम थापाबाट विपक्षी मध्येकी माइली थापा र प्रतिवादी शान्ता थापाको नाउँमा गएकोमा सो सम्पत्तिबाटसमेत मेरो श्रीमानको अंश भाग म र मेरो छोराले हालसम्म पनि पाएका छैनौ। निजहरूले नै संगोलको सम्पत्ति मासी खाएका छन्। जो भएको बाँकी सम्पत्तिसमेत निजहरूसँगै रहेको हुँदा हाम्रो अंश भाग दिलाई पाऔं मैले विपक्षीहरूलाई अंश दिनु पर्ने अवस्था छैन। तसर्थ विपक्षीहरूको फिराद दावी झुठ्ठा भै खारेज भागी हुँदा खारेज गरी पाऔं भन्नेसमेत बेहोराको प्रतिवादी मालती थापाको प्रतिउत्तर पत्र।

५. यसमा मुख नमिलेको कुरामा वादी प्रतिवादीको फिराद प्रतिउत्तर पत्रमा उल्लेखित साक्षी झिकाई बुझि नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०७५/०५/२१ को आदेश।

६. वादी प्रतिवादीहरूको भान्सा मात्र छुट्टिएको हो। अंशवण्डा भएको छैन। तसर्थ वादी पक्षले अंश पाउनु पर्दछ भन्नेसमेत बेहोराको वादी पक्षका साक्षी अन्जना खड्काले अदालतमा गरेको बकपत्र।

७. वादी प्रतिवादीका बीच मिति २०५६ सालतिर भातभान्सा छुट्टिएको हो र प्रतिवादी सीताराम थापाले २०५८ सालतिर आफ्नो नाउँको जग्गा २ वटा श्रीमतीको नाउँमा गरिदिएका हुन्। दुवै श्रीमतीहरू मिलि चानचुन २४ आना जग्गा विक्रि गरेका थिए। प्रतिवादी सीताराम थापाले श्रीमतीहरूका

नाउँमा पारित गरिदिएको जग्गा मध्येको कि.नं. २०३६ को जग्गा कित्ताकाट हुँदै तह तह हकहस्तान्तरण हुँदै बाँकी शान्ता थापाको नाममा कायम हुन आएको कि.नं. २६१७ को जग्गा प्रतिवादी मालती थापाले श्रीमानको मृत्यु पश्चात पाएको विमाको पैसा र आफ्नो माइतीबाट ल्याएको पैसाले निज शान्ता थापाबाट खरिद गरेकी हुन्। उक्त सम्पत्ति निजि आर्जनको हुँदा सो सम्पत्ति वण्डा नलाग्ने हो र बेचेको सम्पत्ति हकवालाले किनेर ल्याउँदा उक्त सम्पत्ति हक लाग्ने पनि होइन भन्नेसमेत बेहोराको प्रतिवादीहरू सीताराम थापा समेतका साक्षी रामप्रसाद खरेलले अदालतमा गरेको बकपत्र।

८. यसमा फिरादीहरूले हामी एकासंगोलको अंशियार रहेको र विपक्षी पति/पिताले घरमुलीको हैसियतमा पुरा गर्नु पर्ने दायित्व बहन नगरेको भन्ने फिराद दावी सहित सम्पूर्ण सम्पत्तिलाई ७ भाग लगाई ७ भागको ४ भाग अंश हामी फिरादीलाई दिलाई चलन चलाई पाउँ भन्नेसमेतको फिराद दावी रहेको प्रस्तुत मुद्दामा वादी प्रतिवादी बीच नातामा विवाद नरहेको अंशवण्डा गर्नु पर्ने सम्पत्ति नभएको तथा जो भएको बाँकी सम्पत्ति समेत निजहरू सँगै रहेको भन्नेसमेत बेहोराको प्रतिउत्तर जिकिर रहेको देखियो। अतः प्रस्तुत मुद्दामा प्रतिवादीले वादी दावीलाई अन्यथा भनी प्रतिवाद नगरेको, नातामा विवाद नभएको, वादीले प्रतिवादीबाट अंश पाएको प्रमाण प्रतिवादीले पेश गर्न सकेको देखिन नआई वादी प्रतिवादी बीच अंशवण्डा नभएको कुरामा मुख मिलेकै देखिई वादी प्रतिवादी बीच अंशवण्डा हुन सक्ने स्थिति देखिएको हुँदा मानो छुट्टिएको कागज नभएको अवस्थासमेतको आधारमा फिराद परेको अघिल्लो दिन मिति २०७५/०३/१२ लाई वादी प्रतिवादी बीच मानो छुट्टिएको मिति कायम गरीदिएको छ। अतः उक्त मानो छुट्टिएको मिति सम्मको यी वादी प्रतिवादीहरूको जिम्मामा रहेको चल अचल सम्पत्तिको तायदाती फाँटवारी मुलुकी देवानी संहिता, २०७४ को दफा २२१, २२२, २२३ र २२४ नं. बमोजिम वण्डा गर्नुपर्ने सम्पत्तिको तायदाती फाँटवारी दुवै पक्षबाट पेश गर्न लगाई एक अर्कामा सुनाई तायदाती फाँटवारीमा उल्लेखित जग्गाको दर्ताश्रेस्ता सम्बन्धित मालपोत कार्यालयबाट झिकाई निजि भन्नेबाट श्रोत सहितको प्रमाण समेत दाखिला गर्न लगाई नपुग अदालती शुल्क वादीबाट लिई नियमानुसार गरी पेस गर्नू भन्ने मिति २०७६/६/३० को आदेश।

९. मिति २०७६/०६/३० को आदेशानुसार वादी प्रतिवादीबाट पेश दाखिला भएको तायदाती फाँटवारी, सम्बन्धित मालपोत कार्यालयको पत्रसाथ प्राप्त जग्गाको दर्ताश्रेस्ता र वादीले दाखिला गरेको नपुग अदालती शुल्कको आम्दानी रसिद समेत मिसिल संलग्न रहेको।

## नमूना ३

## मुद्दाः निषेधाज्ञा

विपक्षी नानीछोरी श्रेष्ठ हाम्रो एकाघरको बुहारी हुन। हाम्रो विचमा अंशवण्डा भएको छैन। हाम्रो सँगोलको पैतृक सम्पत्तिको रुपमा काठमाडौ जिल्ला, सतुंगल वडा नं. ५ (क) कि.न. २०३ को क्षेत्रफल ०-४-०-० को हाल सतंगल वडा नं. ५ कि.नं. ४१ को क्षेत्रफल १३२.१० वर्ग मिटर जग्गा र सोमा बनेको घर समेत ससुरा बाजे मानकृष्ण श्रेष्ठको नाँउमा सर्वे नाँपजाच भई श्रेस्तासमेत कायम रहेको थियो। निज ससुराको मिति २०५३।०६।१२मा मृत्यु भइको र हाम्रा पति पिता हरिकृष्ण श्रेष्ठको पनि सो भन्दा पहिले नै मिति २०५०।०६।१५ मा मृत्यु भएको हो। ससुरा वाजेको नाँउमा  दर्ता रहेको उक्त घर जग्गा नामसारी गर्ने क्रममा दिलिपकुमार श्रेष्ठ , सिद्धिकुमार श्रेष्ठ, पन्चनारायण श्रेष्ठ र गणेशकुमार  श्रेष्ठसमेतका जना ४ का नाँउमा मिति २०६६।०१।२५ मा संयुक्त नामसारी भएको थियो। बि.सं.२०७२ सालमा आएको बिनासकारी भूकम्पबाट घरमा क्षेति भएकोमा पछि टहरा बनाई बसी आएको सो हाम्रोसमेत अंशहकको जग्गा धितो स्वरुप भनी अन्यलाई दिई विपक्षी बुहारी नानीछोरी श्रेष्ठका नाउँमा पुनः फिर्ता लिइएको रहेछ। निजका नाउँमा फिर्ता लिएपछि सो जग्गा हामीहरूलाई थाहा जानकारी नदिई सहमती,मन्जुरी वा हामीहरूलाई साक्षी समेतमा नराखी विपक्षी बुहारीले विपक्षी न. १ का सेव वे बचत तथा ऋण सहकारी संस्था लि.का काठमाडौंका नाममा धितो दिई कर्जा लिएको भनी मालपोत कार्यालय कलंकी काठमाडौबाट मिति २०७५।०४।२७ मा र.नं. ११८९/१ को दृष्टी बन्धकी लिखत पारित गरी गराई रोक्का राखिएको व्यहोरा मिति २०७६।०४।२१ मा  हामी मध्येका गणेशमाया श्रेष्ठले नक्कल सारी लिदा जानकारी भयो। विपक्षीहरूको उक्त कार्य जालसाजी प्रकृतिको भए रहेकाले  जालसाजी घोषित गरी पाँउ भन्ने हामीहरूले निजहरूका उपर र अंश चलन मुद्दा निज बुहारी नानीछोरी श्रेष्ठका बिरूद्ध यसै अदालतमा दायर गरेकाछौं।उक्त दुवै मुद्दाहरू हाल विचाराधिन छन्।

यसै सिलसिलामा जालसाजपूर्ण काम गरी कर्जा दिने तथा लिने विपक्षी नं १ र २ को  मिलोमतोमा विपक्षी नं. ३ का जिल्ला प्रशासन कार्यालय काठमाडौमा निवेदन दिई सोही आधारमा  पत्राचार भई विपक्षी नं. ५ र ६ मा उल्लेखित प्रहरी कार्यालयबाट हामीहरू बसी आएको घर टहराबाट छोड, हट भनी जवसजस्ती गर्ने डर,त्रास देखाउने गरी आएका र यही मिति २०७६।०४।२२ को राती ९ बजेपछि हामीहरू सुतिरहेको अवस्थामा हाम्रो घर टहरामा प्रवेश गरी माथिको आदेश छ भनी हामीहरू मध्येका सिद्धिनारायण श्रेष्ठलाई जवरजस्ती पक्राउ गरी लगी  विपक्षी नं. ६ को प्रहरी कार्यालयमा थुनी डर,त्रास देखाई विपक्षी नं.१ का सहकारी संस्थाका सन्चालक समेतका रोहवरमा बसी जसरी

पनि १५ दिन भित्र हामीहरू बसी आएको घरु, टहरा खाली गर्ने शर्त राखी  जवरजस्ती कागज गराई ऐ . २३ गते मात्र छोडिदिएका हुन। विपक्षी नं. १ की हाम्री बुहारी नानीछोरी श्रेष्ठसमेत र हाम्रो विचमा जालसाजी तथा अंशचलन सम्वन्धी मुद्दा चली  ती मुद्दाहरू विचाराधिन रहेको अवस्थामा विना कुनै कारण हामीहरूलाई विपक्षी प्रहरी कार्यालयले धरपकड गर्ने र जवरजस्ती हाम्रो घर टहराबाट हटाउने गरी कागज गराउन मिल्ने होईन। विपक्षीहरूको उपर्युक्त बमोजिमको कार्य व्यवहारले हामीहरूको संविधानको धारा १७, १८ ,३५  द्वारा प्रद्धत वैपतिक स्वतन्त्रताको हक,समानताको हक,सम्पतिको संवैधानिक हक तथा मुलुकी देवानी संहिता, २०७४ को दफा २० द्वारा प्रद्धत हाम्रो नागरिक हकमासमेत प्रत्यक्ष आघात परेको  र उक्त हक प्रचलनको लागि अन्य  कुनै उपचारको व्यवस्थासमेत नभएकोले सम्मानीत  अदालतको शरणमा आएका छौ।

तसर्थः विपक्षीहरूबाट  हामीलाई अन्याय भएको हुदा र अझैपनि विपक्षीहरूले गैरकानूनी काम गरी हाम्रो अंश हकको घर टहरामा हामीहरूलाई बस्न नदिई, धरपकड गरी हटाउने प्रवल सम्भावना एंव आशंका कायमै रहे भएकोले विपक्षीहरूका नाउँमा जिल्ला अदालत नियमावली २०७५, नियम ३४ बमोजिम अन्तरिम आदेश जारी गरी हामीहरूलाई  धरपकड नगर्नु  र हामीहरू रहे बसेको घर टहराबाट नहटाउनु भनी  मुलुकी देवानी संहित २०७४, को दफा २६ को उपदफा ३ र ४ बमोजिम निषेधज्ञाको आदेशसमेत जारी गरी पाउं भन्नेसमेत मुख्य व्यहोराको निवेदक गणेशमाया श्रेष्ठसमेत जना ३ को निवेदन जिकिर।

यसमा के कसो भएको हो ? निवेदकको निवेदन  माग बमोजिम निषेधाज्ञाको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै आधार र कारण भए सोसमेत खोली यो आदेश प्राप्त भएमका मितिले बाटोको म्याद बाहेक १५ दिन भित्र विपक्षी नं. ३,४,५ र ६ को हकमा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौ कार्फत र विपक्षी नं.१ र २  को हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि वा कानून व्यवसायी  मार्फत लिखित जवाफ लिई उपस्थित हुनु भनी प्रस्तुत निवेदन र आदेशको प्रतिलिपीसमेत साथै राखी सोको सूचना म्याद दिई लिखित जवाफ परे वा सोको अवधि नाघेपछि नियमानुसार पेश गर्नू।

साथै अन्तरिम आदशको माग तर्फ विचार गर्दा निवेदकहरूलाई अंसियारहरूको विचमा जग्गा सम्वन्धी विवादमा विपक्षी नं. ३,४,५ र ६  बाट पक्राउ गर्ने आशंका रहेको भनी जिकिर गरेको देखिदा कानून बमोजिम बाहेक निवेदकहरूलाई पक्राउ नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी गरिदिएको छ। नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतबाट मिति २०७६।०५।०१ मा भएको आदेश।

विपक्षी गणेशकुमारी श्रेष्ठ समेतका उपर विपक्षी बनाईएका नानीछोरी श्रेष्ठ लगायत अन्य कुनै व्यक्ति वा निकायका तर्फबाट कुनै पनि विषयमा उजुरी,निवेदन तथा पत्रसमेत यस महाशाखामा प्राप्त नभएको हुदा यस कार्यालयबाट निवेदकहरूलाई पक्राउ गर्ने,ल्याउने ,थुनामा राख्ने वा घर टहरा खाली गर्न बाध्यपारी कागज गराउने जस्ता निवेदन जिकिरमा उल्लेखित कुनै पनि कार्य यस कार्यालयबाट गरिएको होइन,छैन। तसर्थः यस कार्यालयलाई समेत विपक्षी बनाई दायर गरिएको झुट्टा र कपोलकल्पित रीट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको महानगरीय अपराध महाशाखा टेकु काठमाडौ तर्फबाट मिति २०७५।०५।०९ मा पर्न आएको लिखित जवाफ।

विपक्षी निवेदक नानीछोरी श्रेष्ठले श्री जिल्ला प्रशासन कार्यालय काठमाडौमा शान्ति सुरक्षा गरी पाउँ भनी दिएको निवेदन महानगरीय प्रहरी परिसर टेकुको च.न. २४६२ मिति २०७६।०३।२९ को पत्रसाथ यस कार्यालयमा प्राप्त भएको हुदा यस कार्यालयबाट दुबै पक्षका मानिसहरूलाई झिकाई बोलाई छलफल गर्न लगई निजहरूको छलफल पछि अवदेखि झै झगडा नगर्ने, कोही कसैले पनि एक अर्कोलाई गाली गलौज नगर्ने र धाक धम्कीसमेत नदिने भनी निजहरूको सहमती भएको हुदा सोही अनुसारको कागज गराईएकोसम्म हो। निवेदनमा उल्लेख गरे जस्तो बल प्रयोग सम्वन्धी अन्य कुनै कार्य गरिएको होइन, छैन। तसर्थः यस कार्यालयलाई समेत विपक्षी बनाई दायर भएको रीट निवेदन खारेज गरीपाउं भन्नेसमेत व्यहोराको महानगरिय प्रहरी वृत थानकोटको तर्फबाट मिति २०७५।०५।०९ मा पर्न आएको लिखित जवाफ।

विपक्षीहरू मध्येका गेणशकुमारी श्रेष्ठ मेरो सासु, गणेशकुमार श्रेष्ठ एकाघरका पति तथा पन्चनारायण श्रेष्ठ र सिद्धिकुमार श्रेष्ठ मेरा जेठाजु हुनुहुन्छ। विपक्षीहरूले निवेदनमा उल्लेख गरेको विवादित **साविक कि.न. २०३ को हाल कायमी कि.न. ४१ को जग्गा** निजहरूले मालपोत कार्यालय कलंकीबाट मिति २०७०।०३।११मा र.नं. ७८२१ "ख" बाट रु ५०००००।- अक्षेरुपी (पाँच लाख मात्र) मा राजिनामा गरी ज्ञानरत्न महर्जनलाई विक्री गर्नुभएको हो। तत् पश्चात निजहरूको सो जग्गामा हक अधिकार तथा भोगाधिकार अन्त्य भएको छ। मैले आफ्नो माईती मावलीबाट प्राप्त रकम र वहिनीहरूले अमेरिका तथा जापानबाट पठाई दिएको रकमबाट मिति २०७२।०४।२५ मा र.नं. १५४।१ बाट रु. ८,५०,०००।— अक्षेरुपी (आठ लाख पचास हजार मात्र) मा निज ज्ञानरत्न महर्जनबाट खरिद गरी लिएकोले सो सम्पति मेरो नीजि आर्जनको,कसैलाई दिनु नपर्ने,कसैको हक नलाग्ने सम्पति हो। वि.स. २०७२ सालमा आएको भूकम्पबाट क्षेति भएको उक्त जग्गामा रहेका धर टहरा आवस पुनः निर्माण कार्यक्रम अन्तर्गत स्थानीय चन्द्रगिरी नगरपालिका कार्यालयबाट अनुदानसमेत लिई घर टहरा बनाई बेसेकी छु।

मुलुकी देवानी संहिता, २०७४ को दफा २५६ को उपदफा १ र २  मा उल्लेख भए बमोजिमको मेरो नीजि आर्जनको सम्पति  ऐ.को दफाको उपदफा  २ मा उल्लेख भए बमोजिम मैले आफुखुसी गर्न पाउने नै हुँदा उक्त मेरो जग्गा  व्यापार व्यवसाय तथा घर व्यवहार चलाउनको लगि मेरा पतिको सहमति मन्जुरीमा सह विपक्षी सेव वे वचत तथा ऋण सहकारी संस्था लि.काठमाडौमा धितो राखी **र.नं.११८९/१बाट मिति २०७५।०४।२७** मा मालपोत कार्यालय कलंकीबाट दृष्टवन्धकी राजिनामा गरी सो संस्थाबाट रु ३५०००००।- (अक्षेरुपी पैतीस लाख मात्र) ऋण कर्जा लिएको साँचो हो।यसरी मेरो निजी आर्जनको सम्पतिमा विपक्षीहरूको कुनै हक दावी नलाग्ने भए पनि सम्मानीत अदालतमा विपक्षीहरूबाट दायर भएका भनिएका अंश चलन तथा जालसाजी मुद्दाका म्याद सूचना प्राप्त भएपछि नियमानुसार प्रतिउत्तर लगाई दावी खण्डन गर्नेनैछु। मेरो नीजि आर्जनको,आफुखुश गर्न पाउने सम्पति मैले भोगचलन गर्दा निजहरूको कुनै पनि मौलिक हक तथा नागरिक हकमा आघात पर्ने अवस्था नहुँदा अंश चलन तथा जालसाजी मुद्दा दायर गरेकै आधारमा पुनः निषेधाज्ञाको निवेदन दिई अन्तरिम आदेश जारी हुने होईन।

तसर्थः विपक्षीहरूले झुट्टा विषयबस्तु सृजना गरी दुःख दिने नियतबाट दायर गरिएको निवेदन दावी र सोको आधारमा सम्मानीत अदालतबाट  जारी भएको अन्तरिम आदेशसमेत खारेज गरी पाँउ भन्नेसमेत मुख्य व्यहोराको विपक्षी सानीछोरी श्रेष्ठको तर्फबाट मिति २०७५।०५।१८ मा पर्न आएको लिखित जवाफ।

विपक्षी निवेदकहरूले बाजे मानकृष्ण श्रैष्ठका नाम दर्ताको भनिभएको **साविक कि.न. २०३ को हाल कायम कि.न. ४१ को जग्गा** निज मानकृष्ण श्रेष्ठको मृत्यु पश्चात आपसी सहमतीमा दिलिपकुमार श्रेष्ठ, सिद्धिकुमार श्रेष्ठ पन्चनारायण श्रेष्ठ र गणेशकुमार श्रेष्ठ समेतको नाममा संयुक्त रुपमा नामसारी भएको र निजहरूले सो जग्गा मिति २०७०।०३।११ मा र.नं. ७८२१ बाट राजिनामा गरी ज्ञानरत्न महर्जनलाई हक हस्तान्तरण गरेको र सोही जग्गा निज  ज्ञानरत्न महर्जनबाट सह विपक्षी मध्येकी नानीछोरी श्रेष्ठले आफ्नो स्वआर्जनको रुपैयाबाट मिति २०७३।०४।१५ मा र.नं. १५४/१ को राजिनामाबाट गरी खरिद गरी लिनुभएको रहेछ। निजको हक स्वामित्वको उक्त जग्गा आफ्ना पति गणेशकुमार श्रेष्ठ समेतको स्वीकृति मन्जुरीका आधारमा धितो राखी यससंस्था सँग कर्जा माग गर्दा निज नानीछोरी श्रेष्ठ र यस संस्थाको वीचमा भएको सहमती बमोजिम मालपोत कार्यलय कलंकी, काठमाडौंबाट र.नं.११८९ मिति २०७५।०४।२७ मा धितो दृर्ष्टिबन्धक लिखत पारित गरी निज नानीछोरी श्रेष्ठले यस संस्थाबाट रु. ३५,००,०००।- (अक्षेरुपी पैतिस लाख मात्र) कर्जा लिनुभएको छ।

विपक्षीहरूले सम्मानीत  जिल्ला अदालतमा दायर गरेका अंश चलन तथा जालसाजी मुद्दा विचाराधीन रहेको अवस्थामा सोही मुद्दाबाट अन्तरकालिन आदेश हुन सक्नेनै हुँदा प्रस्तुत निषेधाज्ञाको निवेदन दिई अन्तररिम आदेशको माग गर्न पाउने र सोही आधारमा मात्र एकतर्फी रूपमाअन्तरिम आदेशसमेत जारी हुनुपर्ने होईन। उक्त कर्जा  लगानी लिखतको शर्त अनुसार सो धितोमा रहेको जग्गा र सोमा रहेको संरचनाबाट यस संस्थाले जहिले सुकै आफ्नो लगानीको सावा र व्याजसमेत असुल उपर गर्न सकिनेनै हुँदा  हाल उक्त विवादित जग्गा तथा सोमा रहेका भौतिक संरचना ऋणिकै भोग चलन तथा कब्जामा रहेको छ। यस विषयमा निवेदक विपक्षीहरूले भनेजस्तो सुरक्षा निकायहरूमा निवेदन दिने, प्रहरी लगाई धरपकड गर्ने तथा बसिआएको सो घर टहराबाट हटाउन लगाउने समेतका कुनै पनि काम कारवाही यस संस्थाबाट गरे गराईएको छैन, होईन।

तसर्थः विपक्षीहरूले झुट्टा विषयबस्तु सृजना गरी दुःख दिने नियतबाट दायर गरिएको निवेदन दावी र सोको आधारमा सम्मानीत अदालतबाट जारी भएको अन्तरिम आदेशसमेत खारेज गरी पाँउ भन्नेसमेत मुख्य व्यहोराको विपक्षी सेव वे बचत तथा ऋण सहकारी संस्थाको तर्फबाट अख्तियारी प्राप्त ऐ.का प्रमुख कार्यकारी अधिकृत शरद अधिकारीको मिति २०७५।०५।३० मा पर्न आएको लिखित जवाफ।

विपक्षी मध्येका जिल्ला प्रशासन कार्यालय काठमाडौ र महानगरीय प्रहरी प्रभाग, चन्द्रगिरी,बलम्वु काठमाडौको तर्फबाट कानूनका म्यादभित्र लिखित जवाफ नपरेको।